प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# स्कुल अफ हेल्थ साइन्स

भरतपुर, चितवन ।

## शैक्षिक वर्ष २०८२।०८३ को भर्ना सम्बन्धी सूचना ।

**प्रकाशित मिति : २०८२।०४।०७**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आङ्गिक संस्था यस स्कुल अफ हेल्थ साइन्स, भरतपुर चितवनमा शैक्षिक वर्ष २०८२।०८३ का लागि डिप्लोमा तथा प्रमाणपत्र तहमा तपसिलमा उल्लिखित कार्यक्रम र कोटाहरूमा भर्ना प्रक्रियाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना । साथै वर्गीकृत छात्रवृत्ति कोटाहरूका लागि परिषद् प्रदेश कार्यालय अन्तर्गतको छुट्टै Online Application Form भर्नुपर्नेछ ।

**तपसिल:**

| सि.नं. | | कोटा | सामान्य चिकित्सा | मे.ल्याब टेक्नोलोजी | फार्मेसी | फिजियोथेरापी | डेन्टल हाइजिन | रेडियोग्राफी |
|---|---|---|---|---|---|---|---|---|
| १ | वर्गीकृत छात्रवृत्ति | | ५ | २ | ३ | ३ | ३ | २ |
| २ | सहुलियत शुल्क कोटा | खुला | ३१ | ५ | २१ | २३ | २५ | १८ |
| ३ | | सि.एम.ए. र ल्याब असिस्टेन्ट | ३ (सि.एम.ए मात्र) | १० (ल्याब असिस्टेन्ट मात्र) | ४ (सि.एम.ए. मात्र) | ४ सि.एम.ए./अनमी/आयुर्वेद | | |
| ४ | | स्वास्थ्य सेवा विभाग | ३ | ५ | | | | |
| ५ | | लक्षित वर्ग | ५ | ३ | ४ | ४ | ४ | ३ |
| ६ | | परिषद् कर्मचारी / कर्मचारी परिवार | १ | १ | १ | १ | १ | १ |
| ७ | | BPKMCH भरतपुर | १ | १ | १ | १ | | १ |
| ८ | | भरतपुर अस्पताल | १ | १ | १ | १ | १ | १ |
| ९ | | भरतपुर महानगरपालिका | १ | १ | १ | १ | १ | १ |
| १० | पूर्ण शुल्क (Full pay) | | ११ | १ | ४ | २ | ५ | ३ |
| | जम्मा | | ६२ | ३० | ४० | ४० | ४० | ३० |

**प्रत्येक कार्यक्रमको पूर्ण शुल्क, खुला र लक्षित वर्ग कोटाहरू मध्येबाट छनोट भएका परीक्षार्थीमध्ये उच्चतम अङ्क प्राप्त गर्ने एक जनालाई जेहेनदार छात्रवृत्ति प्रदान गरिनेछ।**

### तीन वर्षका लागि कार्यक्रमको शुल्क विवरण :

| सि.नं. | कार्यक्रम | सहुलियत शुल्क | पूर्ण शुल्क |
|---|---|---|---|
| १ | सामान्य चिकित्सा (HA) | ४८,६२५।- | १,२९,६२५।- |
| २ | मेडिकल ल्याब टेक्नोलोजी | ५२,१२५।- | १,३३,१२५।- |
| ३ | फार्मेसी | ४८,६२५।- | १,२९,६२५।- |
| ४ | डाइग्नोस्टिक रेडियोग्राफी | ५२,१२५।- | १,३३,१२५।- |
| ५ | फिजियोथेरापी | ५२,१२५।- | १,३३,१२५।- |
| ६ | डेन्टल हाइजिन | ५२,१२५।- | १,३३,१२५।- |

**आवेदन फाराम शुल्क : रु. १,०००।०० (एक हजार रुपियाँ मात्र) (अनलाइन आवेदन बापतको शुल्क फाराम भर्दाको समयमा नै Connect IPS वा Khalti Digital Wallet प्रयोग गरी रकम बुझाउनुपर्नेछ)**

**अनलाइन फाराम बन्द हुने मिति : २०८२।०४।२६ गते**

**अनलाइन फाराम सम्बन्धमा** : अनलाइन आवेदन फाराम **www.ctevtexam.org.np** मा उपलब्ध गराइएको ITMS Online मा User name र Password तयार गरी Login गरेपछि त्यसमा दिइएको Options हरू Fill up गरी यस संस्थाको नाम Select गरी माथि उल्लिखित कोटाहरूमध्ये कुनै एक कार्यक्रमको एउटा कोटा छनोट गरी Submit गर्नुपर्नेछ ।

**योग्यता :**

१. **अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका परीक्षाको हकमा :**
मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

२. **अक्षराङ्कन पद्धति लागू भए पछिको परीक्षाको हकमा :**
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अङ्ग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अङ्क ४.० मा न्यूनतम २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**छनोट प्रक्रिया सम्बन्धी व्यवस्था:**

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अङ्क र सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई. वा एस.एल.सी. उत्तीर्णलाई थप अङ्कभार बापत १ र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अङ्कभार बापत ०.८५ बमोजिमको अङ्क जोडी उच्च अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यता क्रम सूची निर्धारण गरिनेछ र थप भर्ना प्रक्रिया प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ अनुसार हुनेछ ।

**आवश्यक कागजातहरू:**

- SEE/SLC वा TSLC वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।
- स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mm X 45mm) को रङ्गीन फोटो ।
- नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्र सक्कलबाट स्क्यान गरिएको प्रति ।
- नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।
- पूर्ण शुल्कीय लक्षित वर्ग कोटामा आवेदन समावेश हुने परीक्षार्थीहरूले भर्ना निर्देशिका २०८२ को दफा ७ मा तोकिए बमोजिम आफू पर्ने लक्षित वर्ग खुल्ने कागजातको सक्कलबाट स्क्यान गरिएको प्रति ।

**यो सूचना www.sohs.edu.np मा पनि हेर्न सकिनेछ वा थप जानकारीका लागि कार्यालय समयमा ०५६-५१०२४३ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।**

**शिक्षालय प्रमुख**